काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



❐ वर्ष : २५ ❐ अंक : २३० ❐ मंगलवार, १९ जेठ, २०८३ ❐ Tuesday, 2 June 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०

महिला उद्यमशीलता प्रवर्द्धनका लागि स्थानीय तह र निजी क्षेत्रबीच सहकार्य बढाइने



❐ काँक्रेविहार संवाददाता

दैलेख, १८ जेठ

महिला उद्यमशीलताको विकास, व्यवसाय प्रवर्द्धन तथा स्थानीय तह र निजी क्षेत्रबीचको सहकार्यलाई सुदृढ बनाउने उद्देश्यले नारायण नगरपालिका, दैलेखमा भ्ध्एल् कार्यक्रम अन्तर्गत स्थानीय तहस्तरीय समन्वय बैठक सम्पन्न भएको छ ।

दैलेख उद्योग वाणिज्य संघका अध्यक्ष नरेन्द्र थापाको अध्यक्षतामा सम्पन्न बैठकमा नारायण नगरपालिकाका नगर प्रमुख लोमन शर्मा प्रमुख अतिथि तथा नेपाल उद्योग वाणिज्य महासंघ कर्णाली प्रदेशका अध्यक्ष धनबहादुर रावत विशेष अतिथिका रूपमा सहभागी थिए । कार्यक्रममा स्थानीय सरकार, निजी क्षेत्र, महिला उद्यमी तथा विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो । बैठकमा महिला उद्यमशीलता प्रवर्द्धन, व्यवसाय विकास, आर्थिक सशक्तीकरण तथा उद्यमीमैत्री वातावरण निर्माणका विषयमा विस्तृत छलफल गरिएको थियो । सहभागीहरूले महिला उद्यमीहरूलाई व्यवसाय सञ्चालन तथा विस्तारका क्रममा भोग्नुपरेका चुनौती, अवसर र सम्भावित समाधानका उपायबारे धारणा राखेका थिए । छलफलपछि बैठकले दुई महत्वपूर्ण निर्णय गरेको छ । पहिलो निर्णयअनुसार नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गत दैलेख उद्योग वाणिज्य संघमा भ्ध्एल् कार्यक्रममार्फत सञ्चालन हुँदै आएको महिला उद्यमशीलता सहायता कक्ष (हेल्प डेस्क) ले हालसम्म सञ्चालन गरेका सम्पूर्ण कार्यक्रम तथा गतिविधिहरूको विवरण लिखित रूपमा नारायण नगरपालिकालाई हस्तान्तरण गरिने भएको छ ।

त्यसैगरी, महिला उद्यमशीलता सहायता कक्षको कार्य प्रभावकारी रहेको निष्कर्ष निकाल्दै यसको दिगोपनाका लागि नारायण नगरपालिका र दैलेख उद्योग वाणिज्य संघले संयुक्त रूपमा व्यवसाय दर्ता तथा नवीकरण अभियान सञ्चालन गर्ने सहमति गरेका छन् । अभियानबाट प्राप्त हुने राजस्वको एक हिस्सा सहायता कक्षको व्यवस्थापन तथा व्यवसायीहरूका लागि कर, राजस्व र उद्यम विकाससम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालनमा खर्च गरिने निर्णय गरिएको छ ।

कार्यक्रममा वक्ताहरूले महिला उद्यमशीलता सहायता कक्षले महिला उद्यमीहरूको क्षमता विकास, व्यवसाय विस्तार तथा औपचारिक अर्थतन्त्रमा पहुँच अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याएको बताए । उनीहरूले कक्षको संस्थागत विकास र दीर्घकालीन सञ्चालनका लागि स्थानीय सरकार, निजी क्षेत्र र विकास साझेदारबीच निरन्तर सहकार्य आवश्यक रहेकोमा जोड दिएका थिए ।

लो भोल्टेज र अनियमित विद्युत् आपूर्तिले हैरानी

हावाहुरीका कारण रुख ढलेर राष्ट्रिय प्रसारण लाइनको टावरमा क्षति पुगेपछि अवरुद्ध बनेको कोहलपुर–सुर्खेत १३२ केभी प्रसारण लाइन पूर्ण रूपमा सञ्चालनमा आउन अझै कम्तीमा दुई साता लाग्ने भएको छ ।

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, १८ जेठ

वीरेन्द्रनगरका बासिन्दा पछिल्ला केही सातादेखि लो भोल्टेज र अनियमित विद्युत् आपूर्तिको समस्याले हैरान बनेका छन् ।

घरायसी कामकाजदेखि उद्योग-व्यवसाय सञ्चालनसम्म प्रभावित बनेपछि सर्वसाधारणले तत्काल समस्या समाधान गर्न माग गरेका छन् । स्थानीयका अनुसार दिनभरी विद्युत् आउने-जाने क्रम चलिरहन्छ । सामान्य हावाहुरी चल्दा वा वर्षा सुरु हुनेबित्तिकै विद्युत् सेवा अवरुद्ध हुने गरेको छ । विद्युत् आए पनि भोल्टेज अत्यन्त कम हुने भएकाले पंखा, फ्रिज, कम्प्युटरलगायत विद्युतीय उपकरण प्रभावकारी रूपमा सञ्चालन हुन सकेका छैनन् ।

अधिकांश घरमा मोटर चल्न नसक्दा खानेपानीको ट्यांकीमा पानी तान्न समेत समस्या भइरहेको छ । वीरेन्द्रनगरका व्यवसायीहरूले लो भोल्टेजका कारण व्यापारीक गतिविधि प्रभावित भएको बताएका छन् । वेल्डिङ, फर्निचर, प्रिन्टिङ प्रेस, मिल तथा अन्य साना उद्योग सञ्चालन गर्न कठिनाइ भइरहेको उनीहरूको गुनासो छ ।

कतिपय उद्योगले डिजेलबाट चल्ने वैकल्पिक उपकरण प्रयोग गर्न बाध्य



हुँदा उत्पादन लागत समेत बढेको छ । नेपाल विद्युत् प्राधिकरणका अनुसार हावाहुरीका कारण रुख ढलेर राष्ट्रिय प्रसारण लाइनको टावरमा क्षति पुगेपछि अवरुद्ध बनेको कोहलपुर-सुर्खेत १३२ केभी प्रसारण लाइन पूर्ण रूपमा सञ्चालनमा आउन अझै कम्तीमा दुई साता लाग्ने भएको छ ।

गत वैशाख २६ गते बाँकेको बैजनाथ गाउँपालिकास्थित राष्ट्रिय निकुञ्ज क्षेत्र नजिक नेपाली सेनाको चिसापानी चेकपोस्टदेखि पूर्वतर्फ ठूलो सालको रुख ढलेर प्रसारण लाइनमा बज्रिँदा टावर क्षतिग्रस्त भएको थियो । घटनापछि उक्त प्रसारण लाइन अवरुद्ध बनेको हो । त्यसयता सुर्खेत, दैलेख, जाजरकोट, सल्यान र पश्चिम रुकुमका केही क्षेत्रमा विद्युत् आपूर्ति प्रभावित हुँदै आएको छ ।

प्राधिकरणले क्षतिग्रस्त टावर हटाउने, नयाँ संरचना जडान गर्ने तथा प्रसारण लाइन पुनः सञ्चालनमा ल्याउने काम तीव्र गतिमा भइरहेको जनाएको छ । प्राविधिक टोलीले दुर्गम वन क्षेत्रभित्र पुगेर मर्मत कार्य गरिरहेको भए पनि भौगोलिक कठिनाइ र सामग्री ढुवानीमा समस्या हुँदा काममा अपेक्षित गति लिन नसकेको बताइएको छ ।

हाल प्रभावित क्षेत्रमा वैकल्पिक प्रणालीमार्फत विद्युत् आपूर्ति व्यवस्थापन गर्ने प्रयास भइरहेको प्राधिकरणले जनाएको छ । तर वैकल्पिक बाँकी पृष्ठ २

दैलेखमा बोलेरो दुर्घटना हुँदा तीन जनाको मृत्यु, पाँच गम्भीर घाइते

❐ काँक्रेविहार संवाददाता

दैलेख, १८ जेठ

सुर्खेतबाट कालिकोटतर्फ जाँदै गरेको बोलेरो जिप सोमबार दैलेखको भैरवी गाउँपालिकामा दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको छ ।

दिउँसो करिब १ बजेतिर भैरवी गाउँपालिका-७ कालगौडास्थित भित्री सडक खण्डमा सु.प.०१-००१ च ४९६४ नम्बरको डबल क्याप बोलेरो दुर्घटनामा परेको हो ।

गुडिरहेको गाडी एक्कासि ब्रेक फेल भई सडकबाट करिब ४०० मिटर तल खसेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय दैलेखका सूचना अधिकारी सन्तोष रोकायका



अनुसार दुर्घटनामा परी कालिकोटको शुभकालिका गाउँपालिका-५ का ३६ वर्षीय चालक कलबहादुर रोकाय, सोही गाउँपालिका वडा नं. ४ का ३९ वर्षीय मित्र सुनार र वडा नं. ६ की ६० वर्षीया पुल्तिसरा विकको ज्यान गएको हो । उनीहरूलाई उपचारका लागि जिल्ला अस्पताल दैलेख पुऱ्याइएकोमा चिकित्सकले मृत घोषणा गरेका थिए ।

दुर्घटनामा अन्य पाँच जना यात्रु गम्भीर घाइते भएका छन् । घाइते हुनेहरूमा कालिकोट शुभकालिका गाउँपालिकाका चक्र सुनार, भरत विक, कलम सुनार, सुमत विक र नैन सुनार रहेका छन् । घाइतेमध्ये सुमत र नैनको अवस्था जटिल रहेकाले उनीहरूलाई थप उपचारका लागि प्रदेश अस्पताल सुर्खेत रिफर गरिएको छ भने अन्यको जिल्ला अस्पताल दैलेखमा उपचार भइरहेको छ । घटना लगतै भैरवी प्रहरी चौकी, पानीपोखरी, इलाका प्रहरी कार्यालय दुल्लु र जिल्ला प्रहरी कार्यालयबाट खटिएको संयुक्त टोलीले घाइतेहरूको उद्धार गरेको थियो। दुर्घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

राष्ट्रपति रनिङ शिल्डका लागि छनोट खेलाडीलाई बिदाइ

कर्णालीका खेलाडीबाट उत्कृष्ट प्रदर्शनको अपेक्षा

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, १८ जेठ

१६औँ राष्ट्रिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको केन्द्रीय स्तरमा सहभागी हुन छनोट भएका कर्णाली प्रदेशका खेलाडी, प्रशिक्षक तथा व्यवस्थापकलाई सोमबार कर्णाली प्रदेश खेलकुद विकास परिषद्ले शुभकामना सहित बिदाइ गरेको छ ।

कर्णाली प्रदेश खेलकुद विकास परिषद्, वीरेन्द्रनगर सुर्खेतमा आयोजित कार्यक्रममा सामाजिक विकास मन्त्री तथा कर्णाली प्रदेश खेलकुद विकास परिषद्का अध्यक्ष घनश्याम



भण्डारीको प्रमुख आतिथ्यमा खेलाडीहरूलाई सफलताको शुभकामना व्यक्त गर्दै बिदाइ गरिएको हो । मन्त्री भण्डारीले खेलकुद क्षेत्रले प्रदेशको पहिचान स्थापित गर्न महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गर्दै राष्ट्रिय प्रतियोगितामा सहभागी खेलाडीहरूले अनुशासित र उत्कृष्ट प्रदर्शनमार्फत कर्णालीको बाँकी पृष्ठ २

काँक्रेविहार राष्ट्रिय दैनिक दृष्टिकोण

मंगलवार, १९ जेठ, २०८३
Tuesday, 2 June 2026

सम्पादकीय

अधिकार अभावले रोकियो कर्णाली समृद्धिको बाटो

प्राकृतिक स्रोत-साधनका हिसाबले कर्णाली प्रदेश नेपालकै सबैभन्दा सम्भावनायुक्त प्रदेशमध्ये एक हो । जलविद्युत, वन, खानी तथा खनिज, पर्वतारोहण, जलस्रोत र जैविक विविधताजस्ता क्षेत्रबाट कर्णालीले वर्षेनी अर्बौं रूपैयाँ राजस्व संकलन गर्न सक्ने क्षमता राख्छ । तर विडम्बना, यति ठूलो सम्भावना हुँदाहुँदै पनि कर्णालीले आफ्नो प्राकृतिक सम्पदाबाट अपेक्षित आर्थिक लाभ हासिल गर्न सकेको छैन । यसको प्रमुख कारण नीतिगत अस्पष्टता, कानुनी जटिलता र अधिकारको अत्यधिक केन्द्रीकरण हो । संघीय संरचनामा प्रवेश गरेको लामो समय बितिसक्दा पनि प्राकृतिक स्रोतको खोज, अनुसन्धान, उत्खनन र व्यवस्थापनसम्बन्धी अधिकार अझै संघीय सरकारकै नियन्त्रणमा केन्द्रित छ । यसले प्रदेश तथा स्थानीय तहलाई आफ्नो भूगोलभित्र रहेका स्रोतहरूको उपयोग र व्यवस्थापनमा प्रभावकारी भूमिका खेल्नबाट वञ्चित गरेको छ । फलस्वरूप कर्णालीका बहुमूल्य खानी तथा खनिज स्रोत वर्षौंसम्म ओझेलमा परिरहेका छन् ।

दैलेख, कालिकोट, जाजरकोट र रूकुमपश्चिमका विभिन्न स्थानमा रहेका स्लेट, ढुंगा तथा काइनाइटजस्ता बहुमूल्य खनिज स्रोतहरू आज पनि उत्खननको प्रतीक्षामा छन् । यी स्रोतको व्यवस्थित उपयोग हुन सके स्थानीय रोजगारी सिर्जना मात्र होइन, प्रदेशको राजस्व आधारसमेत बलियो बन्ने थियो । तर आवश्यक प्रक्रिया अघि बढ्न नसक्दा सम्भावित आम्दानी खेर गइरहेको छ । भने विकासका अवसरहरू गुमिरहेका छन् । संविधानले प्राकृतिक स्रोत व्यवस्थापनलाई साझा अधिकारको विषय मानेको भए पनि व्यवहारमा प्रदेश र स्थानीय सरकारको भूमिका अत्यन्त सीमित छ । खानी तथा खनिज पदार्थ ऐन, २०४२ र नियमावली, २०५६ अनुसार सम्पूर्ण प्रक्रिया संघीय निकायमार्फत सञ्चालन हुने व्यवस्था छ । यही कानुनी संरचनाले प्रदेश सरकारलाई आफ्नै आवश्यकता अनुसार नीति तथा कार्यविधि निर्माण गर्न नदिएको अवस्था छ । कर्णाली प्रदेश सरकारले संघीय कानुन संशोधन गरी प्रदेश तथा स्थानीय तहलाई थप अधिकार दिनुपर्ने माग उठाउँदै आएको छ । यो माग अधिकार प्राप्तिसँगै प्रदेशको आर्थिक आत्मनिर्भरता र संघीयताको प्रभावकारी कार्यान्वयनसँग पनि जोडिएको छ ।

स्थानीय तह र प्रदेश सरकार भूगोल, स्रोत तथा स्थानीय आवश्यकताबारे संघीय सरकारभन्दा बढी जानकार हुने भएकाले स्रोत व्यवस्थापनमा उनीहरूको सक्रिय सहभागिता अपरिहार्य देखिन्छ । हाल अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनअनुसार प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको ५० प्रतिशत संघीय सरकार, २५ प्रतिशत प्रदेश र २५ प्रतिशत स्थानीय तहमा बाँडफाँट हुने व्यवस्था छ । तर स्रोतको प्रत्यक्ष व्यवस्थापन र उपयोगमा प्रदेशको भूमिका कमजोर हुँदा राजस्वको सम्भावना पनि सीमित बनेको छ । साथै प्रदेश सरकार र प्रदेशसभाले पनि यस विषयलाई प्राथमिकतामा राखेर कानुन निर्माण तथा नीतिगत सुधारका लागि सशक्त पहल गर्न आवश्यक छ । अन्यथा बहुमूल्य स्रोतहरू जमिनमुनि थन्किरहने र समृद्धिको सम्भावना कागजमै सीमित रहने अवस्था आगामी वर्षहरूमा पनि दोहोरिइरहनेछ ।

मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणका परम्परागत उपाय



दिलबहादुर केसी

बाँदरको समस्या समाधान गर्न संसद्बाट केही सांसदहरूले सरकारलाई अल्टिमेटम नै दिए । बाँदरकै कारण गाउँबस्ती रित्तिइरहेको र किसानहरूका पीडाका विषय अहिले मिडियामा छ्यापछ्याप्ती छन् । हुन त यो विषय पुरानो होइन । एक दशकयता यो समस्या झनै जटिल बन्दै आएको छ ।

यो विषय विगतमा स्थानीय र जिल्ला स्तरमा जिल्ला वन, प्रशासनसम्म सीमित थियो । अहिले संसद्मा प्रवेश पायो । बालेन्द्र शाह प्रधानमन्त्री भए लगत्तै प्रदेशगत छलफलका क्रममा सांसदहरूले समेत सरकारको ध्यानाकर्षण गराएका छन् । संसद्को चालु अधिवेशनमा केही सांसदहरूले बाँदरको समस्या समाधानका लागि स्पष्ट सरकारी नीति आवश्यक रहेको विषय उठाएका थिए ।

वन्यजन्तु र मानवले आफ्नो आवश्यकता पूरा गर्ने तथा आफ्नो क्षेत्राधिकार विस्तार गर्ने क्रममा एक-आपसमा गर्ने सङ्घर्षलाई मानव-वन्यजन्तु द्वन्द्व भनिन्छ । मानव-वन्यजन्तु द्वन्द्व कुनै नयाँ विषय होइन । मानव सभ्यताको विकाससँगै यी दुई पक्षबिच द्वन्द्व रहँदै आएको छ । अहिलेको विकास मोडल र प्राकृतिक स्रोतको दोहनको वर्तमान अवस्थालाई हेर्दा आगामी दिनमा यो द्वन्द्व अझ बढ्ने निश्चितप्रायः देखिन्छ ।

नेपाल जैविक विविधताले भरिपूर्ण देश हो । यहाँ मानव र वन्यजन्तुबिचको सहअस्तित्व ऐतिहासिक रूपमा कायम रहँदै आएको छ । तर पछिल्ला वर्षहरूमा मानव-वन्यजन्तु द्वन्द्व गम्भीर सामाजिक, आर्थिक र वातावरणीय समस्याको रूपमा देखापरेको छ । विशेषगरी पहाडी क्षेत्रहरूमा बाँदर, चरा, दुम्सी, मृग, चितुवा, भालु, बँदेल (जङ्गली सुँगुर) लगायतका वन्यजन्तुले कृषिमा ठुलो क्षति पुऱ्याउँदै आएका छन् । यसको परिणामस्वरूप गाउँबाट मानिस विस्थापित हुने, खेतीयोग्य जमिन बाँझो बस्ने र बिस्तारै बारीहरू जङ्गलमा परिणत हुने प्रवृत्ति तीव्र बन्दै गएको छ ।

यसरी गाउँदेखि सदनसम्म बहसको विषय बनेको मानव-वन्यजन्तु द्वन्द्व किन र कसरी बढ्यो भन्ने प्रश्न महत्त्वपूर्ण छ । मानव र वन्यजन्तुबिचको द्वन्द्व मुख्यतः दुई प्रकारले देखिन्छ । पहिलो, मानवले वन्यजन्तुलाई पुऱ्याउने क्षति र दोस्रो, वन्यजन्तुले मानवद्वारा सिर्जित सम्पत्तिमा पुऱ्याउने नोक्सानी ।

मानव जनसंख्या र आवश्यकतामा वृद्धि भएसँगै वन्यजन्तुको प्राकृतिक बासस्थानमा मानवीय हस्तक्षेप बढ्दै गयो । जङ्गल फडानी, सडक विस्तार, पूर्वाधार निर्माण र अतिक्रमणका कारण वन्यजन्तुको क्षेत्र साँघुरिँदै गयो । परिणामस्वरूप वन्यजन्तु आहारा र सुरक्षित वासस्थानको खोजीमा मानव बस्ती नजिक आउन थाले ।

सरकार र स्थानीय समुदायको प्रयासले कतिपय वन्यजन्तुको सङ्ख्यामा वृद्धि भएको छ । तर सङ्ख्या बढेसँगै आहारा र वासस्थानको दबाब पनि बढेको छ । त्यसैले जनावरहरू जङ्गलबाहिर निस्केर खेतबारीमा पस्ने, घरपालुवा जनावरमाथि आक्रमण गर्ने, घरगोठमा क्षति पुऱ्याउने र कतिपय अवस्थामा मानिसमाथि समेत आक्रमण गर्ने घटना बढेका छन् ।

यसरी एकातिर वन तथा वन्यजन्तुको अवस्थामा सुधार देखिएको छ भने अर्कोतर्फ मानव-वन्यजन्तु द्वन्द्व पनि तीव्र बन्दै गएको छ । यो अवस्था मानव र वन्यजन्तु दुबैका लागि नकारात्मक छ ।

पछिल्लो समय अव्यवस्थित सहरीकरण, जथाभाबी सडक तथा पूर्वाधार निर्माण, जङ्गल फडानी, वन अतिक्रमण, डढेलो तथा वन्यजन्तुको प्राकृतिक वासस्थानको विनाशले समस्या झन् बढाएको छ । मृग, बँदेलजस्ता वन्यजन्तुको चोरी शिकारीका कारण ठुला मांसाहारी जनावरको आहार शृङ्खला प्रभावित भएको छ । यसका साथै कतिपय वन्यजन्तुको आनीबानी परिवर्तन हुँदै कृषिबालीप्रति निर्भरता बढेको देखिन्छ । पोसिलो र सजिलै उपलब्ध हुने कृषिबालीले वन्यजन्तुलाई आकर्षित गरिरहेको छ ।

स्थानीय अनुभवमा द्वन्द्वका कारण

मानव-वन्यजन्तु द्वन्द्व अहिले मात्रै बढेको हो कि परम्परागत रूपमा पनि यस्तो समस्या थियो भन्ने विषयमा मैले दोलखाको गौरीशंकर संरक्षण क्षेत्रभित्र रहेका किसानहरूसँग छलफल तथा स्थलगत अवलोकन गरेको थिएँ ।

गौरीशंकर र विगू गाउँपालिकाभित्र फैलिएको संरक्षण क्षेत्रमा पछिल्लो समय बाँदरको समस्या बढ्नुमा आधुनिक विकास निर्माणका गतिविधिलाई स्थानीयले मुख्य कारण मानेका छन् । विगू गाउँपालिका-३ का वडा अध्यक्ष ढालबहादुर तामाङका अनुसार, 'पहिला बाँदरहरू खोला र तामाकोसी नदी आसपास मात्रै बस्ने गर्थे । त्यहाँका बालीमा सामान्य क्षति पुऱ्याए पनि गाउँसम्म आउँदैनथे । अहिले हाइड्रोपावर निर्माणका लागि सडक खन्ने क्रममा डोजर र विस्फोटक पदार्थको प्रयोग भएपछि उनीहरूको पुरानो वासस्थान प्रभावित भयो र बाँदरहरू माथिल्लो गाउँबस्तीमा सरे ।'

स्थानीयवासीका अनुसार विगतमा बाघले घरपालुवा जनावर खाने समस्या बढी थियो । अहिले त्यो समस्या कम भए पनि बाँदर, बँदेल, चरा र भालुको समस्या बढेको छ । गौरीशंकर गाउँपालिका-५ का उद्धव खड्काका अनुसार गाउँमा खेती गर्ने मानिस घटेसँगै समस्या झन् बढेको हो । उनका अनुसार, 'पहिले गाउँका अधिकांश खेतबारीमा खेती हुन्थ्यो । तलदेखि माथिसम्म मान्छे खेतमै हुने भएकाले जनावर धपाउन सजिलो थियो । अहिले आधाभन्दा बढी खेत बाँझो छन् । सहर र विदेश जाने क्रम बढेपछि बारी जङ्गलमा परिणत भएका छन् ।'

उनका अनुसार पहिले सबै ठाउँमा खेती हुने भएकाले वन्यजन्तु छरिएर जान्थे, अहिले थोरै खेतमा मात्र खेती हुने हुँदा सबै जनावर त्यही क्षेत्रमा केन्द्रित भएका छन् ।

वन डढेलो पनि समस्या बढाउने अर्को कारण बनेको छ । अघिल्ला वर्षहरूमा फागुनदेखि जेठसम्म लाग्ने डढेलोले वन्यजन्तुको वासस्थान र आहारा नष्ट गरिदियो । जङ्गलमा आहारा अभाव भएपछि वन्यजन्तु मानव बस्ती र खेतबारीतर्फ आकर्षित भए । वन क्षेत्रको अतिक्रमण, सडक विस्तार, पूर्वाधार निर्माण तथा प्राकृतिक वासस्थानको खण्डीकरणले वन्यजन्तुहरू खाद्यान्नको खोजीमा बस्ती नजिक आउन बाध्य भएका छन् । त्यसैगरी कृषि प्रणालीमा आएको परिवर्तनले पनि समस्या बढाएको छ । पहिले विविध बाली लगाइन्थ्यो, जसले वन्यजन्तुलाई धेरै आकर्षित गर्दैनथ्यो । अहिले मकै, आलु, गहुँ जस्ता बालीको एकल खेती बढेकाले वन्यजन्तुका लागि सजिलो लक्ष्य बनेको छ ।

द्वन्द्वका प्रमुख असरहरू

मानव-वन्यजन्तु द्वन्द्वले ग्रामीण जीवनमा गम्भीर असर पारेको छ । बाँदरले मकै, आलु र तरकारी नष्ट गर्छन् । चराले धान र गहुँमा क्षति पुऱ्याउँछन् भने बँदेलले रातारात खेत जोतेर सखाप पारिदिन्छ । यसले किसानको वर्षभरिको मेहनत नष्ट हुन्छ । खानेकुराको खोजीमा भालु बस्ती नजिक आउँदा बेला-बेलामा मानवसँग जम्काभेट हुने गरेको छ । भालुको आक्रमणबाट हरेक वर्ष मानिस घाइते हुने गरेका छन् । कतिपय स्थानमा समस्या यति बढेको छ कि जिरी नगरपालिकाले भालुको गतिविधि निगरानी गर्न सडक क्षेत्रमा सिसिटिभी जडान गर्नुपरेको थियो ।

कृषि उत्पादन घट्दै जाँदा ग्रामीण अर्थतन्त्र कमजोर बन्दै गएको छ । धेरै किसानले खेती नै छोड्न थालेका छन् । परिणामस्वरूप खेतीयोग्य जमिन जङ्गलमा परिणत हुँदै गएको छ, जसले फेरि वन्यजन्तुको वासस्थान विस्तारमा सहयोग पुऱ्याएको छ ।

लगातारको क्षतिले धेरै मानिस गाउँ छोडेर सहर वा विदेश जान बाध्य भएका छन् । गाउँमा बुढापाका मात्र बस्ने अवस्था सिर्जना हुँदै गएको छ । विगतमा प्रचलित पर्म, पर्मपात र सामूहिक श्रमजस्ता सामाजिक परम्पराहरू कमजोर बन्दै गएका छन् ।

राष्ट्रपति...

गौरव बढाउने विश्वास व्यक्त गरे । उनले खेलाडीको क्षमता विकास तथा खेलकुद पूर्वाधार विस्तारमा प्रदेश सरकार प्रतिबद्ध रहेको बताए ।

कार्यक्रममा परिषद्का सदस्य सचिव रविन्द्र चन्द, सदस्यहरू भीमकुमारी भुसाल, पंखबहादुर शाही, गोरखाबहादुर शाही, किशोर किरण सापकोटा, पवनकुमार थापा तथा शिक्षा अधिकृत हर्कबहादुर बस्नेतलगायतको उपस्थिति रहेको थियो ।

राष्ट्रिय प्रतियोगितामा कर्णाली प्रदेशका तर्फबाट कराते, तेक्वान्दो, उसु, एथलेटिक्स, कबड्डी र भलिबल विधाका खेलाडीहरूले सहभागिता जनाउने छन् । विभिन्न जिल्ला तथा विद्यालयस्तरीय छनोट पार गर्दै केन्द्रीय प्रतियोगिताका लागि छनोट भएका खेलाडीहरू उत्कृष्ट प्रदर्शनको तयारीमा छन् ।

कार्यक्रममा सहभागी खेलाडी, प्रशिक्षक तथा व्यवस्थापकलाई खादा तथा शुभकामना प्रदान गर्दै सफल प्रतियोगिताको कामना गरिएको थियो । परिषद्ले कर्णालीका खेलाडीहरूबाट राष्ट्रिय स्तरमा उल्लेखनीय नतिजा हासिल हुने विश्वास व्यक्त गरेको छ ।

१६औं राष्ट्रिय राष्ट्रपति रनिङ शिल्ड विद्यालय तहको सबैभन्दा ठूलो राष्ट्रिय खेल प्रतियोगिताका रूपमा लिइन्छ । यस प्रतियोगिताले देशभरका प्रतिभावानखेलाडीहरूकोपहिचान, क्षमता विकास तथा भविष्यका राष्ट्रिय खेलाडी उत्पादनमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ ।

लो भोल्टेज...

आपूर्तिबाट पर्याप्त विद्युत् प्रवाह हुन नसक्दा लो भोल्टेजको समस्या कायम रहेको छ । स्थानीयवासीले गर्मीको समयमा लामो समयदेखि विद्युत् समस्या झेल्नुपरेको भन्दै मर्मत कार्य छिटो सम्पन्न गरी नियमित र गुणस्तरीय विद्युत् सेवा उपलब्ध गराउन सम्बन्धित निकायसँग माग गरेका छन् ।

उद्योगी तथा व्यवसायीहरूले समेत विद्युत् समस्याले आर्थिक गतिविधिमा प्रत्यक्ष असर परेको भन्दै दीर्घकालीन समाधानको आवश्यकता औंल्याएका छन् ।

विद्युत बन्न दुई हप्ता लाग्ने

क्षतिग्रस्त क्षेत्रमा अहिले टावर पुनर्निर्माणको काम तीव्र गतिमा अघि बढाइएको छ । पहिलो चरण अन्तर्गत टावरको फाउन्डेसन (जग) ढलानको काम सम्पन्न भइसकेको छ । १३२ केभीए विद्युत् आयोजनाका प्रमुख रविकुमार चौधरीका अनुसार अबको दुई साताभित्र टावर खडा गर्ने र तार तान्ने काम सम्पन्न गरी विद्युत् सेवा नियमित गर्ने तयारी भइरहेको छ ।

उनका अनुसार अवरुद्ध विद्युत् छिटो सुचारु गर्न फाउन्डेसन निर्माणको काम गत सोमबार नै सकिएको थियो । भने अब टावर खडा गर्ने र तार तान्न कम्तीमा दुई साता लाग्ने जनाइएको छ । त्यसपछि मात्रै विद्युत् नियमित हुने आयोजना प्रमुख चौधरीले बताए ।

'प्रसारण लाइनको क्षेत्राधिकार भन्दा बाहिर रहेको करिब ३८ मिटर लामो र ३ मिटर मोटाइको विशाल सालको रुख ढलेर तारमा लाग्दा टावरमा गम्भीर क्षति पुगेको हो' उनले भने, 'प्रसारण लाइनको मध्यविन्दुबाट दायाँबायाँ ९/९ मिटर क्षेत्रभित्र पर्ने रुखहरू यसअघि नै हटाइसकिएको भए पनि क्षेत्राधिकार बाहिरका जोखिमपूर्ण रुखहरू काट्न अनुमति नपाउँदा यस्तो दुर्घटना भएको हो ।' उनका अनुसार चिसापानी क्षेत्रमा अझै पनि यस्ता ८० भन्दा बढी जोखिमपूर्ण रुखहरू रहेका छन् । यी रुखहरू नहटाइए आगामी दिनमा पनि यस्तै जोखिम रहने भन्दै यसबारे माथिल्लो निकायलाई पहिले नै जानकारी गराइसकिएको चौधरीले बताए । निकुञ्जभित्रका रुखहरू काट्न वन तथा वातावरण मन्त्रालयको स्वीकृति लिनुपर्ने झन्झटिलो प्रक्रियाका कारण समयमै जोखिम न्यूनीकरण गर्न कठिनाइ भइरहेको आयोजनाले जनाएको छ ।

सवारी चार्जिङमा सकस

कर्णाली प्रदेशमा पछिल्लो समय विद्युतीय सवारी साधान प्रयोग गर्नेक्रम बढ्दो छ । विद्युतीय सवारीलाई मध्येनजर गरी सरकारी तथा नीजि क्षेत्रबाट उपयुक्त सवारी चार्जिङ स्टेसनहरु पनि निर्माण हुदैछन् । तर कर्णालीमा मुख्य समस्याको रुपमा रहेको विद्युत लो-भोल्टेजका कारण नियमित विद्युतीय सवारी सञ्चालनमा भने सकस परेको छ ।

स्कुटर बाहेक अन्य विद्युतीय सवारी साधानहरु घरमै चार्जिङ गरेर चलानउन सम्भव छैन । पछिल्लो समय सुर्खेतमा मात्रै सँयौंको संख्यामा ठुला विद्युतीय सवारी साधान छन् । तर समयमै चार्जिङ गर्न नपाएकै कारण ठुला विद्युतीय सवारी साधान नियमित सञ्चालनमा चुनौती छ ।

नेपाल विद्युत प्राधिकरणले सुर्खेत बसपार्कमा स्थापना गरेको चार्जिङ स्टेसनसमेत विद्युत लो-भोल्टेजका कारण राम्रोसंग चल्न सकेको छैन । लो-भोल्टेजका कारण समयमै सवारी चार्जिङ नहुँदा बसपार्कमा सवारी चालकहरु मध्ये रातीसम्म पालो कुरेर जाग्राम बस्नुपर्ने बाध्यता छ । नेपालगञ्ज, कोहलपुर, धनगडी, दाङ लगायतका ठाउँबाट सुर्खेत आउने यात्रुवहाक विद्युतीय सवारी चालकहरु सवारी चार्जिङ गर्नकै लागि बसपार्कमा रातभर पालो कुरेर जाग्राम बस्ने गरेका छन् ।

'हामी नेपालगञ्जबाट पुरा चार्ज गरेर सुर्खेत आउँछौं । त्यो चार्जले फेरी नेपालगंजसम्म पुग्दैन' एक सवारी सञ्चालकले भने, 'सुर्खेत बसपार्कमा गाडी जार्च गर्न पालो कुर्दाकुर्दै महिनाको झण्डै २० दिन सुर्खेतमै बास हुन्छ, यसले गर्दा धेरै खर्च आउन थालेपछि अचेल रातीको १२ बजेपछि पनि रित्तै नेपालगंज फर्किन्छौं ।'

सवारी चार्जिङ गर्नमै सकस परेपछि सर्खेतबाट समयमै फर्किन नसक्दा दुबैतर्फ आउजाउ गर्ने यात्रु नपाउने र अनावश्यक खर्च हुने गरेको सवारी चालकहरु बताउँछन् । तर विद्युतीय सवारी साधान चलाउने सबैको पीडा उस्तै छ ।

बालविवाह अन्त्यका लागि गुराँस घोषणापत्र जारी



❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, १८ जेठ

बालविवाह अन्त्यका लागि गुराँस घोषणापत्र जारी गरिएको छ । कर्णालीमा बालविवाह न्युनीकरण गर्न सरोकारवालाहरूले १४ बुँदे गुराँस घोषणापत्र जारी गरेका हुन् ।

बाल अधिकारका लागि साझा अभियान (क्याक्मा) को पहलमा कर्णालीका दस जिल्लाका ३० पालिकाका जनप्रतिनिधि तथा सरोकारवालाहरूले सामूहिक रूपमा बालविवाह अन्त्यका लागि कर्णाली घोषणा-पत्र, (२०२६) जारी गरेका हुन ।

कर्णाली प्रदेश सरकार, स्थानीय सरकार, बाल विवाह विरुद्धका अभियन्ताहरूले बाल विवाहलाई बाल अधिकारको गम्भिर उल्लङ्घन तथा कर्णालीको सामाजिक तथा आर्थिक विकासका वाधक र हानिकारक सामाजिक अभ्यासका रूपमा स्वीकार गर्दै १४ बुँदे गुराँस घोषणापत्र जारी गरेको बाल अधिकारका लागि साझा अभियान-क्याक्मा)का प्रदेश अध्यक्ष पवित्रा शाहीले बताइन् ।

बालविवाहको मुद्दालाई विकास तथा सामाजिक न्यायको मुख्य एजेन्डाका रूपमा स्वीकार गरी नीति, योजना र कार्यक्रममा प्राथमिकतामा राखिने जनाइएको छ ।

बालविवाह अन्त्यका लागि रणनीतिक योजना कार्यान्वयनका लागि सूचकहरू पूरा गर्न, बालविवाह रोकथाम, किशोर किशोरी सशक्तीकरण, बाल संरक्षण तथा सामाजिक व्यवहार परिवर्तनका लागि विषयगत र विशेष कार्यक्रम तथा बजेट निर्माण गरी सोको प्रभावकारी कार्यान्वयनमा जोड दिने घोषणापत्रमा उल्लेख गरिएको छ ।

बालबालिकाको बालविवाहलाई प्रतिकार्यका लागि "सुधारात्मक र पुनर्स्थापकीय" दृष्टिकोण स्थापना गरी काम गर्ने जनाइएको छ । किशोर, किशोरीहरूको गुणस्तरीय शिक्षाको पहुँच विस्तार गर्न आर्थिक, सामाजिक तथा भौगोलिक कारणले शिक्षाबाट वञ्चित भएका बालबालिकालाई विशेष सेवा तथा आवासिय सेवा व्यवस्थापन गर्ने उल्लेख छ ।

बालबालिका तथा किशोर-किशोरीहरूको नेतृत्व विकास, जीवनोपयोगी सिप तथा लक्ष्य निर्धारण क्षमता अभिवृद्धि गरी निर्णय प्रक्रियामा सहभागी सुनिश्ति गर्ने जनाइएको छ । सबै बालबालिकाको जन्मदर्ता अनिवार्य रूपमा सुनिश्चित गर्न पहल गर्दै, बाल विवाह अन्त्यका लागि विवाह पूर्व वडाको शुभकामना सहितको सिफारिस पत्र लिने, दिने व्यवस्थापन गर्ने जनाइएको छ ।

किशोर-किशोरीमैत्री गोपनीय र गुणस्तरीय प्रजनन् स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्ने, बालविवाहको जोखिममा रहेका परिवारका लागि सामाजिक सुरक्षा, जीविकोपार्जन तथा आर्थिक सशक्तीकरणका कार्यक्रमहरू विस्तार गर्ने जनाइएको छ ।

बालविवाह न्युनीकरण कार्यक्रम कार्यान्वयनको अनुगमन तथा निगरानीका लागि वडा स्तरीय बालविवाह निगरानी तथा न्युनीकरण समिति गठन गरी सक्रिय बनाउने, बालविवाह अन्त्यका लागि प्रदेश सरकार, स्थानीय सरकार र सरोकारवालाबिच नियमित समन्वय, सहकार्य तथा अनुभव आदानप्रदान गर्ने गुराँस घोषणापत्रमा उल्लेख छ ।

छोराछोरीका बिचमा समान शिक्षा र अवसर प्रदान गर्ने गराउने, बालविवाह मुक्त घोषणा भएका पालिका तथा वडाहरूलाई अतिरिक्त बजेट वा पूर्वाधार विकासमा प्राथमिकता दिने र "पुरस्कार र सम्मान" गर्ने कार्यक्रम तय गर्ने जनाइएको छ ।

बालविवाह अन्त्यका लागि शून्य सहनशीलता नीति अवलम्बन गर्ने, हामी सबै ऐक्यबद्ध भई कर्णाली प्रदेशलाई सन् २०३० सम्म बालविवाह मुक्त बनाउन प्रतिबद्ध छौं भन्दै गुराँस घोषणापत्रमा उल्लेख गरिएको छ ।

कर्णाली प्रदेशमा बालविवाह न्युनीकरण हुन सकेको छैन । अहिले पनि बर्सेनी ठुलो संख्यामा उमेर नपुगेका बालबालिकाको विवाह भइरहेको छ । विगतको जस्तो १२-१५ वर्षमै विवाह गर्ने दरमा कमी आए पनि २० वर्ष नपुग्दै विवाह गर्ने दर भने अझै उच्च
छ ।

पछिल्लो राष्ट्रिय जनगणना अनुसार पनि कर्णालीमा १८ वर्षभन्दा कम उमेरमा नै विवाह हुनेको संख्या ३७ दशमलव नौ प्रतिशत रहेको छ । सल्यानमा ४३ दशमलव तीन, रूकुमपश्चिममा ४२ दशमलव तीन, जाजरकोटमा ४० दशमलव आठ, सुर्खेतमा ३८ दशमलव सात, मुगुमा ३५ दशमलव नौ, डोल्पामा ३२ दशमलव एक, हुम्लामा ३३ दशमलव सात, जुम्लामा ३४ दशमलव सात, दैलेखमा ३५ दशमलव दुई, कालीकोटमा २८ दशमलव एक प्रतिशत बालविवाह हुने गरेको पाइएको छ ।

त्यसो त बालविवाह न्युनीकरणका लागि कर्णालीमा विभिन्न कार्यक्रम तथा अभियान सञ्चालन गरिए पनि बालविवाहको दरमा उल्लेख्य सुधार हुन भने सकेको छैन । कर्णाली प्रदेश सरकारले बालविवाह रोक्न रणनीतिक योजना स्वीकृत गरेको छ ।

प्रदेश बालविवाह अन्त्य सम्बन्धी रणनीति-२०८२ तयार पारिएको हो । रणनीतिक योजना अनुरूप यो वर्षका कार्यक्रममा समेटेर विभिन्न कार्यक्रम कार्यान्वयन गरिने भएको छ । यो वर्ष बालविवाह न्युनीकरणसम्बन्धी सचेतनाका कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ । टोलदेखि पालिकासम्म सचेतनाका कार्यक्रम राखिएको छ ।

रणनीतिक योजना अनुरूप कार्यक्रममा समेटेर विभिन्न कार्यक्रम कार्यान्वयन सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले बताएका छन् ।

मानसरोवर कैलाशको दर्शन गर्ने भारतीय पर्यटक बढे



❐ **काँक्रेविहार संवाददाता**
हुम्ला, १८ जेठ

नाम्खा गाउँपालिका-६ को हिमालपारीको गाउँ लिमीको लाप्चा क्षेत्रबाट मानसरोवर कैलाशको दूरदर्शन गर्न भारतीय पर्यटक आउन सुरु भएको छ । ती धार्मिक पर्यटक नेपालगन्जबाट कर्णाली कोरिडोर हुँदै पैदल मार्गबाट सिमकोटसम्म आइपुगेका छन् ।

भारतबाट आफ्नै सवारी साधनमा नेपालगन्ज सुर्खेत हुँदै सिमकोटसम्म भारतीय धार्मिक पर्यटकहरू आउन सुरु भएको प्रहरी निरीक्षक विष्णु श्रेष्ठले बताए ।

उनले पहिलो दिन चार वटा साना गाडी र छ वटा मोटरसाइकलमा भारतीय नम्बर प्लेटका सवारी साधनमा पर्यटकहरू सिमकोटसम्म आइपुगेको बताए ।

ती पर्यटकहरू लाप्चाबाट मानसरोवर कैलाशको दूरदर्शन गर्ने उद्देश्यसाथ आउने गरेको उनले बताए । यसरी सिमकोटसम्म आफ्नो सवारी साधनमा आउने भारतीय पर्यटकले सिमकोटभन्दा माथि भने नेपाली नम्बर प्लेटका साधनहरू प्रयोग गर्नुपर्छ । सिमकोटमाथिको क्षेत्र निशेधित भएको कारण भारतीय नम्बर प्लेटका सवारी साधनहरू लिन पाइँदैन ।

आन्तरिक पर्यटकहरूको रोजाइमा रहेको लाप्चा क्षेत्र अब भारतीय पर्यटकको रोजाइमा पनि पर्नु सकारात्मक काम भएको छ ।

गत वर्ष मोटरसाइकलमा भारतबाट यसरी लाप्चा पुग्ने गरी भारतीय पर्यटक आएका थिए ।

तुइन तर्ने बाध्यता कायमै



❐ **काँक्रेविहार संवाददाता**
सिमकोट, १८ जेठ

जिल्लाको मध्य क्षेत्रको सर्केगार्ड गाउँपालिका-२ र ३ का स्थानीयलाई अहिले पनि कर्णाली वारपार गर्न तुइनकै सहारा लिनुपर्ने बाध्यता छ । एक वर्षअगाडि नदीमाथि निर्माण गरिएको काठेपुल बगाएपछि अहिले वारपार गर्न स्थानीयलाई तुइनकै सहारा लिनुपर्ने बाध्यता रहेको हो ।

एक वर्षदेखि लगातार सर्केगार्ड गाउँपालिका-६ को खडीखेतमा निर्माण गरिएको तुइन तर्दै आएको रिपगाउँका स्थानीय जनक फडेराले बताए । त्यसअघि स्थानीय मिलेर उक्त स्थानमा कर्णाली नदीमाथि काठेपुल निर्माण गरिएकोमा गत वर्ष असारमा पानीको बहाब बढेर काठेपुल बगाएको थियो । स्याल्तडी छारेमा पुरानै झोलुङ्गे पुल भए पनि दुरी टाढा भएका कारण रिपगाउँका स्थानीय सो तुइन तर्दै आएको जनाए । केही युवाले उक्त तुइन तर्ने गरे पनि अधिकांश रिपवासीलाई तुइन तार्ने मानिसको आवश्यकता पर्छ ।

आजभोलि नदीमा पानीको मात्रा बढ्दै गएकोले तुइन तर्न पनि डर लाग्ने उनको भनाइ छ । खडीखेतमा तुइन निर्माण गरिएको स्थानभन्दा ४० मिटरमाथि कर्णाली कोरिडोरको सडक रहेको छ ।

चाँडो र गाडी चढ्न सहज हुने भएकाले धेरै स्थानीय तुइन चढ्ने गर्छन् । वडा नं. ७ का वडाध्यक्ष सिद्ध कार्कीले पनि गाउँपालिका कार्यालय जाँदा सो तुइन प्रयोग गर्ने गरेको बताए । रिपगाउँमा तीन सय घरधुरी छन् । ती सबै घरधुरीका मानिस दैनिक उक्त तुइन तर्ने गर्छन् । ६० मिटर लम्बाइको सो तुइन केही असजिलो भएकाले तार्ने मानिसले निकै मेहनत गर्नुपर्ने उनको भनाइ छ । पक्की र झोलुङ्गे पुल निर्माणका लागि गाउँपालिकादेखि सङ्घीय सरकारसँग माग राख्दा कुनै सुनुवाइ हुन नसकेको गुनासो स्थानीयले गरेका छन् ।

कर्णाली करिडोरका नौ वटा पुल अलपत्र

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, १८ जेठ

कर्णाली कोरिडोरको कालीकोट, बाजुरा र हुम्ला खण्डका नदी तथा खोलामा निर्माण गर्नुपर्ने पुलहरूको काम अगाडि बढ्न सकेको छैन । २०७९ साल असारमा डिजाइन एन्ड बिल्ड प्रक्रियाबाट ठेक्का लागेका ती अधिकांश पुलहरूको अन्तिम डिजाइन सडक विभागबाट स्वीकृत हुन नसक्दा निर्माण कार्यले गति लिन सकेको छैन ।

कर्णाली कोरिडोरको कालीकोट खण्ड अन्तर्गत खुलालु खोला, सान्नीघाट खोला र पुगाड खोलामा पक्की पुल निर्माणको जिम्मा पाएको बोकाई बिल्डर्स प्रालिले करिब चार वर्षको प्रयासपछि सडक विभागबाट डिजाइन स्वीकृत गराएको भए पनि काम सुचारु गर्न नसकेको हिल्सा-सिमकोट सडक योजनाका योजना प्रमुख बेलबहादुर नेपालीले बताए ।

कम्पनीले तयार पारेको डिजाइनमा सुधार गर्नुपर्ने भन्दै सडक विभागले पटक-पटक फिर्ता गरेको थियो । ती पुलहरूको निर्माण कार्य सुरु गर्नका लागि हिल्सा-सिमकोट योजनासँग प्रालिले २०७९ असार ३० गते सम्झौता गरी २०८२ असोज ३० गतेभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको थियो । तर हालसम्म डिजाइन स्वीकृत गर्ने चरणमै प्रक्रिया अड्किएको छ ।

पुल निर्माण कार्य अगाडि बढाउन पटक-पटक ताकेता गरिएको भए पनि सुरु हुन नसकेको उनले बताए । तीन वटै पुलको डिजाइन स्वीकृत भइसकेको र अब निर्माण कार्य अघि बढ्ने बाटो खुलेको उनको भनाइ छ । उक्त परियोजनाका लागि प्रालिले १८ करोड २८ लाख २८ हजार ६ सय रुपियाँ लागतमा जिम्मा लिएको हो ।

यस्तै कर्णाली कोरिडोरको बाजुरा र हुम्ला खण्डका छ वटा पुल निर्माणको जिम्मा पाएको लुम्बिनी सिंह जेभीले छ वटै पुलको डिजाइन विभागमा पेस गरेकोमा चार वटा खोलाका पुलहरू–जुड्डी खोला, बुड्डीघाट खोला, गल्फागार्ड र सर्केगार्ड (न्यासी) खोलाको डिजाइन स्वीकृत भएको छ । अझै कवाडी खोला र गल्फागार्ड खोलाको पुलको डिजाइन स्वीकृत हुन बाँकी छ ।

छ वटा पुलमध्ये हालसम्म उक्त जेभीले जिम्मा पाएकोमध्ये चार वटा डिजाइन स्वीकृत भए पनि केवल जुड्डी खोला पुलको मात्र निर्माण कार्य सुरु भएको छ । यी पुलहरूको निर्माणका लागि हिल्सा-सिमकोट सडक योजनासँग २०७९ असार २८ गते सम्झौता गरी २०८२ पुस २९ गतेसम्म सम्पन्न गर्ने लक्ष्य राखिएको थियो । तर हालसम्म पाँच वटा पुलको निर्माण सुरु नै भएको छैन ।

यी पुल निर्माणका लागि ४५ करोड ३१ लाख ५७ हजार ७५० रुपियाँ लागतमा सम्झौता गरिएको थियो । खुलालु-सलीसल्ला खण्डका नौ वटा पुल निर्माणमा ढिलाइ हुनुको मुख्य कारण डिजाइन एन्ड बिल्ड प्रक्रियामा देखिएको प्राविधिक जटिलता हो । सम्झौताको अधिकांश समय डिजाइन स्वीकृतिमै बितेकाले समयमै निर्माण अघि बढ्न नसकेको हो ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

अमर्यादित गतिविधि आरोपमा सांसदलाई कारबाही तयारी, सभामुखले बनाए समिति

काँक्रेविहार संवाददाता
काठमाडौं, १८ जेठ

प्रतिनिधिसभामा आइतबारको बैठकमा भएको घटनाको जाँचबुझ गर्न समिति गठन गरिएको छ।

आइतबारको बैठकमा केही सांसदहरूले अमर्यादित र आपत्तिजनक व्यवहार प्रदर्शन गरी भौतिक हानि नोक्सानी एवं क्षति पुऱ्याउने कार्य गरेको भन्दै घटनाको जाँचबुझ गर्न समिति गठन गरिएको सभामुख डोलप्रसाद अर्यालले जानकारी दिए।

संसद् बैठकमा भएको भौतिक हानि नोक्सानी एवं क्षतिको मुचुल्का तयार भएकाले यस विषयमा जाँचबुझ गरी सात दिनभित्र



सभामुखसमक्ष प्रतिवेदन तयार पार्नका लागि प्रतिनिधिसभाका सचिव प्रकाश अधिकारीको संयोजकत्वमा समिति गठन गरिएको उनले जानकारी दिए।

समितिको सदस्यमा संघीय संसद् सचिवालयका आन्तरिक सेवा तथा योजना व्यवस्थापन महाशाखा प्रमुख र प्रविधि व्यवस्थापन महाशाखा प्रमुख सदस्य रहेका छन्।

सभामुख अर्यालले समितिको प्रतिवेदन प्राप्त भएपछि प्रतिनिधिसभा नियमावली २०८३ को नियम ३३ को उपनियम ४ बमोजिम घटनामा संलग्नलाई आवश्यक कारबाही अगाडि बढाउन सकिने बताए।

यसअघि आइतबारको बैठकमा प्रतिनिधिसभा नियमावली पारितको प्रक्रियाप्रति असहमति जनाउँदै विपक्षी दलका सांसदहरूले वेल घेराउसहित विरोध गरेका थिए।सो क्रममा केही कुर्सी र माइकमा समेत क्षति पुगेपछि जाँचबुझका लागि समिति गठन गरिएको हो।



सार्वजनिक सूनुवाईको लागि आव्हान गरिएको सूचना

प्रकाशित मितिः२०८३।०२/१९ गते

कर्णाली प्रदेश, सुर्खेत जिल्लाको वीरेन्द्रनगर न १४ र को वडा नं.४,१३.पा.मा रहेका साउनेपानी सामुदायिक वन उपभोक्ता समुह, बिरेन्द्रनगर न.पा.-१४ सुर्खेत, श्री पाँचघरे सामुदायिक वन उपभोक्ता समुह बिरेन्द्रनगर न.पा.-१३ सुर्खेत, श्री जनजागरण सामुदायिक वन उपभोक्ता समूह वीरेन्द्रनगर न.पा.-०४ सुर्खेत र श्री सृजनसिल सामुदायिक वन उपभोक्ता समूह बिरेनद्रनगर न.पा.-१४ सुर्खेतका ४ वटा सामुदायिक वनहरू खोटो सङ्कलन कार्यको प्रस्ताव गरिएको छ। कर्णाली प्रदेश वातावरण संरक्षण नियमावली २०७७ अनुसार यस क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रासायनिक पक्ष, साँस्कृतिक पक्ष र आर्थिक पक्षहरूमा पर्ने प्रभाव यकिन गर्न तयार गर्न लागिएको प्रतिवेदन वारे राय सूझाव सङ्कलन गर्नुपर्ने भएकोले स्थानीय जनता, संघ संस्थाको प्रतिनिधीहरु तथा सरोकारवालाहरु र प्रस्तावक निकायको प्रतिनीधिहरुको वीच सार्वजनिक सूनुवाई कार्यक्रमको आयोजना गरिएकोले निम्न मिति,समय, स्थानमा सम्वन्धित सवै सरोकारवाला महानुभावहरुको सहभागिताको लागि अनुरोध गरिन्छ ।

सार्वजनिक सुनुवाई हुने मिति, स्थान र समय

मिति	स्थान
२०८३-२-२५, विहान १० बजे	विरेन्द्रनगर न.पा.-०४ , जनजागरण सामुदायिक वनको सभाहल
आयोजक	भेरी रोजिन एण्ड टर्पेनटाइन ई.प्रा.लि.जानकी गा.पा.-४ गनापुर, बाँके इमेलः इमेलः rajeev @gmail.com फोन नंः९८०२५२७००१,
परामर्श दाताको नाम र ठेगाना	एकिकृत सिर्जनशील नेपाल,इमेलः iinepal2072@gmail.com.np फोन नं. ९८४४०२९०००

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०२/१९

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (सार्विक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री खडानन्द भूषाल** धनी रहेको, **दर्ता नम्बर** ८४९५/०७८/०७९ बाट **वीरेन्द्रनगर-१४ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **भूषाल कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

जनहितमा जारी सूचना !

- सम्पूर्ण वडा बासिन्दा तथा सरोकारवाला महानुभावहरूमा जानकारी गराइन्छ कि आफ्नो वडा क्षेत्रलाई सफा, सुन्दर, व्यवस्थित र सुरक्षित बनाउन वडा कार्यालयले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको छ।
- यस अवसरमा सार्वजनिक सडक, नाली, चोक तथा खुला स्थानहरूमा फोहोरमैला नफाल्न, सार्वजनिक सम्पत्तिको संरक्षण गर्न, सडक तथा नाली अतिक्रमण नगर्न, वातावरण संरक्षणमा सहयोग पुऱ्याउन तथा सामाजिक सद्भाव कायम राख्न सबैमा हार्दिक अनुरोध गरिन्छ।
- साथै, वडा क्षेत्रमा हुने कुनै पनि अवाञ्छित गतिविधि, सामाजिक विकृति, घरेलु हिंसा, बालविवाह, लागूऔषध दुर्व्यसन तथा सार्वजनिक शान्ति सुरक्षामा असर पुग्ने कार्यबारे जानकारी भएमा सम्बन्धित निकाय वा वडा कार्यालयमा तुरुन्त जानकारी गराइदिनुहुन अनुरोध छ।
- स्वच्छ, सुरक्षित, सभ्य र समृद्ध वडा निर्माणका लागि सबैको सक्रिय सहभागिता र सहयोगको अपेक्षा गरिएको छ।

वीरेन्द्रनगर नगरपालिका
वडा नं. ३ को कार्यालय
कर्णाली प्रदेश, सुर्खेत

जनहितमा जारी सूचना !

- सम्पूर्ण वडा बासिन्दा तथा सरोकारवाला महानुभावहरूमा जानकारी गराइन्छ कि आफ्नो वडा क्षेत्रलाई सफा, सुन्दर, व्यवस्थित र सुरक्षित बनाउन वडा कार्यालयले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको छ।
- यस अवसरमा सार्वजनिक सडक, नाली, चोक तथा खुला स्थानहरूमा फोहोरमैला नफाल्न, सार्वजनिक सम्पत्तिको संरक्षण गर्न, सडक तथा नाली अतिक्रमण नगर्न, वातावरण संरक्षणमा सहयोग पुऱ्याउन तथा सामाजिक सद्भाव कायम राख्न सबैमा हार्दिक अनुरोध गरिन्छ।
- साथै, वडा क्षेत्रमा हुने कुनै पनि अवाञ्छित गतिविधि, सामाजिक विकृति, घरेलु हिंसा, बालविवाह, लागूऔषध दुर्व्यसन तथा सार्वजनिक शान्ति सुरक्षामा असर पुग्ने कार्यबारे जानकारी भएमा सम्बन्धित निकाय वा वडा कार्यालयमा तुरुन्त जानकारी गराइदिनुहुन अनुरोध छ।
- स्वच्छ, सुरक्षित, सभ्य र समृद्ध वडा निर्माणका लागि सबैको सक्रिय सहभागिता र सहयोगको अपेक्षा गरिएको छ।

वीरेन्द्रनगर नगरपालिका
वडा नं. १४ को कार्यालय
कर्णाली प्रदेश, सुर्खेत

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)